# देवचुली नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर, नवलपरासी (ब.सु.पू.)

**सूचना**

**निजि घर निर्माणका लागि निर्माण व्यवसायी फर्म/ व्यक्ति सूचिकृत हुनुपर्ने सम्बन्धमा।**

**प्रथम पटक प्रकाशित मिति: २०७६/०४/३०**

यस नगरपालिका भित्र निजि घर निर्माण गर्ने प्रयोजनका लागी यस नगरपालिका भित्र निर्माण व्यवसायमा सकृय निर्माणकर्ता (ठेकेदार) फर्म / व्याक्तिहरु अनिवार्य नगरपालिकामा सूचिकृत भई घरधनिसंग सम्झौता गरी नगरपालिकाबाट स्विकृत नक्सा बमोजिम मात्र घर निर्माण गर्नु पर्ने भएकाले यो सूचना प्रकाशित भएको १५ दिन भित्र तपशिल बमोजिमको कागज पत्र सहित सूचिकृत हुनका लागी आव्हान गरिएको छ। नगरपालिकामा सूचिकृत नहुने निर्माणकर्ता (ठेकेदार) फर्म / व्याक्तिहरुले नगरपालिका भित्र कुनै पनि निजि घर निर्माणकार्यका लागी रोक लगाइनेछ।

दर्ता हुन आएका आवेदनहरु सूचिकृत गर्ने/ नगर्ने अधिकार यस नगरपालिकामा निहित रहने छ।

**तपसिल: आवश्यक कागजपत्र**

१. फर्म भए फर्म दर्ता प्रमाणपत्र, कर चुक्ता, प्यान नं र व्यक्ति भए नागरिकताको प्रतिलिपि
२. भुकम्प प्रतिरोधि भवन निर्माणको तालिम लिएको प्रमाणपत्रको प्रतिलिपि
३. निर्माणकर्ता व्यक्ति भएमा सम्बन्धित निर्माण व्यवसायिक सस्थामा दर्ता भएको प्रमाण
४. विदेशी नागरिकको हकमा राजदुतावासबाट प्रमाणित कागजपत्र
५. नगरपालिकाले तोकेको सूचिकृत दस्तुर
६. दुई प्रति पासपोर्ट साइजको फोटो

विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत